*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. VI, January 2025
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अचेतनको संरचना

डा. दुर्गाबहादुर घर्ती
इमेलः durgagharti@gmail.com

**Article History**: ***Received:*** 30 June 2024; ***Reviewed:*** 30 November 2024; ***Accepted:*** 10 December 2024

**लेखसार**

*प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा प्रयुक्त अचेतनको संरचनाको अध्ययनमा केन्द्रित छ । अचेतनको संरचना मनोविश्लेषणात्मक सिद्धान्तसँग सम्बन्धित छ। कोइरालाका उपन्यासमा मनोविश्लेषणको प्रयोग पाइन्छ । उनका उपन्यासमा सामाजिक, सांस्कृतिक, राजनीतिक, ऐतिहासिक, पौराणिक सन्दर्भ मनोविश्लेषणसँग जोडिएर आएका छन् । मनोविश्लेषणात्मक सिद्धान्तमा अचेतन सर्वाधिक महत्त्वपूर्ण तत्त्व हो। सिग्मन्ड फ्रायडले मनोविश्लेषणात्मक सिद्धान्तको व्याख्यामा अचेतनलाई मुख्य आधार बनाएका छन्। फ्रायडोत्तर मनोविश्लेषणमा ज्याक लकाँको योगदान महत्त्वपूर्ण छ। उनले फ्रायडीय मनोविश्लेषणको पुनर्पठन गरेका छन् र अचेतनको व्याख्या फ्रायडभन्दा भिन्न ढङ्गमा गरेका छन् । उनले अचेतनको व्याख्या भाषाविज्ञान र विभिन्न दर्शनहरूका आधारमा गरेका छन् । उनका विचारमा अचेतन भाषा जस्तै संरचित हुन्छ। अन्य, आवश्यकता, माग, अभाव, इच्छा जस्ता कुरा अचेतनसँग सम्बन्धित हुन्छन्। त्यस सिद्धान्तका आधारमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास केकस्ता छन् भन्ने जिज्ञासा यस लेखको मुख्य समस्या हो र त्यसको समाधान खोज्नु यस अध्ययनको उद्देश्य हो । यसपूर्व कोइरालाका उपन्यासको अध्ययन विभिन्न भए पनि अचेतनको संरचनाका आधारमा नभएकाले यो अध्ययन गरिएको हो। प्रस्तुत अध्ययन गुणात्मक पद्धतिका आधारित छ । अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालय कार्यद्वारा गरिएको छ र सङ्कलित सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । अध्ययनको सैद्धान्तिक ढाँचा ज्याक लकाँको मनोविश्लेषणमा आधारित छ । त्यस दृष्टिले यी उपन्यास सफल रहेका छन् भन्ने यस लेखको निष्कर्ष रहेको छ ।*

***शब्दकुञ्जी*** : अन्य, अभाव, आवश्यकता, इच्छा, माग

## विषयप्रवेश

नेपाली उपन्यास परम्परामा विश्वेश्वरप्रसाद कोइरालाका मनोविश्लेषणात्मक उपन्यासकारका रूपमा परिचित छन् । उनका सबै उपन्यासमा मनोविश्लेषणको प्रयोग पाइन्छ । उनका *तीन घुम्ती* (२०२५), *नरेन्द्रदाइ* (२०२७), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहूदी* (२०४०) र *बाबु, आमा र छोरा* (२०४५) गरी आधा दर्जन उपन्यास प्रकाशित छन् । ती उपन्यास अचेनको संरचनाका

*Copyright 2025 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

दृष्टिले पठनीय छन् । ज्याक लकाँको मनोविश्लेषणात्मक सिद्धान्तअन्तर्गत अचेतनको संरचनाको अध्ययन गर्नु प्रस्तुत अध्ययनको मुख्य उद्देश्य हो । व्यक्तिको आवश्यकता, त्यसको पूर्तिका लागि अन्य व्यक्तिसँग माग, अन्य व्यक्तिको इच्छा, अन्य व्यक्तिबाट माग पूरा नहुँदा उत्पन्न हुने अभाव र इच्छा नै अचेतन संरचनाको प्रक्रिया हो भन्ने लकाँको धारणा रहेको छ । त्यसै आधारमा यस लेखमा कोइरालाका उपन्यासमा पाइने अचेतनको संरचनाको अध्ययन गरिएको छ । यसपूर्व कृष्णचन्द्रसिंह प्रधान (२०३७/२०४३) को *नेपाली उपन्यास र उपन्यासकार* शीर्षकको पुस्तकमा कोइरालाका उपन्यासको विचार र मनोविश्लेषणका बारेमा, राजेन्द्र सुवेदी (२०५३) को *नेपाली उपन्यास परम्परा र प्रवृत्ति* नामक पुस्तकमा कोइरालाका *तीन घुम्ती र नरेन्द्र दाइ* उपन्यासमा प्रस्तुत अस्तित्ववादका बारेमा, दुर्गाबहादुर घर्ती (२०६७) को *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान* नामक पुस्तकमा मनोविश्लेषणात्मक प्रयोगका बारेमा, कुमारप्रसाद कोइराला (२०६८) को *आख्यान विमर्श* शीर्षकको पुस्तकमा कोइरालाका उपन्यासमा पाइने मानवतावादका बारेमा, खगेन्द्रप्रसाद लुइटेल (२०६९) को *नेपाली उपन्यासको इतिहास* -नामक पुस्तकमा कोइरालाका उपन्यासको विषयवस्तु र विचारका बारेमा अध्ययन गरिएको छ । तिनमा कोइरालाका उपन्यासमा अचेतनको संरचनासम्बन्धी अध्ययन भएको पाइँदैन । त्यही अभावको पूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको छ । अचेतनको संरचनाका आधारमा मात्र केन्द्रित रही कोइरालाका उपन्यासको अध्ययन गर्नु प्रस्तुत अध्ययनको सीमा हो ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित छ । अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ । सङ्कलित सामग्रीमध्ये विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास प्राथमिक सामग्री हुन् र सैद्धान्तिक एवं प्रायोगिक पूर्वकार्य द्वितीयक सामग्री हुन् । सङ्कलित सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । यस अध्ययनको सैद्धान्तिक ढाँचा लकाँको मनोविश्लेषणात्मक सिद्धान्तमा आधारित छ । सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । अचेतनको संरचना यस अध्ययनको मुख्य अवधारणा हो र अन्यसँग सम्बन्ध, माग र अन्यको इच्छा, अभाव र इच्छा त्यस अवधारणाका सूचक हुन् ।

## अचेतनको सैद्धान्तिक आधार

मनोविज्ञानका क्षेत्रमा अचेतनसम्बन्धी अवधारणा सर्वप्रथम सिग्मन्ड फ्रायडले प्रस्तुत गरेका हुन् । उनले मानसिक रोगीको उपचार गर्ने मनोवैज्ञानिक पद्धतिलाई मनोविश्लेषण भनेका छन् । मनोविश्लेषणात्मक सिद्धान्त अचेतनको जगमा उभिएको छ । चेतनमा आउन नपाएका वा सामाजिक मर्यादा र आत्मरक्षाका लागि अवाञ्छित भएकाले चेतनद्वारा दमित कुराहरू अचेतन हुन् (फ्रायड, सन् १९८९, पृ. ६३१) । फ्रायड (सन् १९१०) का अनुसार अचेतन चेतनमा बिर्सिएका र चेतनबाट दमित भएका कुरा हुन् (पृ. १९३) । प्रत्येक दमित कुरा अचेतनका रूपमा रहन्छन् तर अचेतनमा चेतनमा कहिल्यै आउन नपाएका कुराहरू पनि हुन्छन् । ती दुवैथरी कुराहरू चेतनमा रूपान्तरण हुन प्रयत्नशील हुन्छन् तर तिनलाई चेतनमा आउन प्रतिरोधशक्तिले रोक्दछ (फ्रायड, सन् १९५७, पृ. १६६) । मनका तहहरूमध्ये अचेतन सबैभन्दा ठुलो भाग हो । अचेतन दुई प्रकारको हुन्छ, चेतनमा प्रवेश नपाउनेचाहिँ अचेतन र चेतनमा प्रवेश पाउने पूर्वचेतन (फ्रायड, सन् १९५५, पृ. ६०९) । पूर्वचेतन अचेतन र चेतनको मध्यबिन्दु हो । अचेतनको प्रत्यक्ष सम्बन्ध चेतनसँग हुन्छ । जुन कुरा हामी जान्दछौँ, निश्चित रूपमा त्यो चेतन हो (फ्रायड, सन् १९५७, पृ. १६६) । चेतनमा तात्कालिक समय र परिस्थितिको ज्ञान हुन्छ, बाहिरी जगत्सँग त्यसको सम्बन्ध हुन्छ ।

कार्ल गुस्ताभ युङ्ग मानवीय अभिवृत्तिलाई सामूहिक अचेतनका रूपमा रहने आद्यबिम्बसँग जोड्छन् । उनले आद्यबिम्ब र आद्यस्वरूप शब्दको प्रयोग समानान्तर रूपमा गरेका छन् । सामूहिक अचेतन अवैयक्तिक हुन्छ र त्यो वंशानुगत हुन्छ। आद्यबिम्ब सामूहिक अचेतन हुन् (युङ्ग, सन् १९६९, पृ. ४) । हाम्रा आदिम पूर्वजहरूका अनुभूति नै सामूहिक अचेतन भएकाले वर्तमान चेतनाद्वारा ती अगम्य हुन्छन् । युङ्गले विभिन्न प्रकारका आद्यस्वरूपको चर्चा गरेका छन् । राजा, नायक, आमा, देवता, राक्षस, नारीपन, पुरुषपन, नकाब, छाया आदि उनले उल्लेख गरेका आद्यस्वरूप हुन् ।

ज्याक लकाँले सिग्मन्ड फ्रायडको मनोविश्लेषणको विपठन गरेका छन् । उनको मनोविश्लेषण विभिन्न दर्शन, भाषाविज्ञान, सङ्केतविज्ञान आदिमा आधारित छ। उनी अचेतन भाषा जस्तै संरचित हुन्छ भन्छन् (लकाँ, सन् १९७८, पृ. २०) । अचेतन रिक्तता हो, धाँजा हो, दरार हो । सङ्केतकको नियमले यसप्रकारको रिक्तता निर्माण गर्छ। वास्तवमा अचेतन अभावको अवधारणा हो (लकाँ, सन् १९७८, पृ. २६) । लकाँले अचेतनसम्बन्धी व्याख्या फर्डिनान्ड डि ससुर र रोमन याकोब्सनका भाषाविज्ञानलाई आधार बनाएर गरेका छन् । उनका विचारमा अचेतन मूलतः भाषाद्वारा संरचित हुन्छ । भाषामा सङ्केत र सङ्केतितको सम्बन्ध हुन्छ। सङ्केतक भनेको वस्तु वा विचारको प्रतिनिधि हो र सङ्केतित सङ्केतकले बुझाउने अर्थ हो। सङ्केतित वस्तु होइन, मानवको सङ्कथन हो जसले सधैँ अर्को अर्थ बुझाउँछ (लकाँ, सन् १९९३, पृ. ११९) । सङ्केतक भनेको चिह्न हो, त्यसमा कुनै वस्तु हुँदैन, न त यो कुनै स्वरूपको अवशेष नै हो, यो अनुपस्थितको चिह्न हो । यसले अर्को चिह्न बुझाउँछ जुन अनुपस्थित हुन्छ । सङ्केतकले अचेतनका क्रमको हरेक कुरालाई सङ्केत गर्दछ (लकाँ, सन् १९९३, पृ. १६७–१६८) । अचेतन अभाव हो, अभाव इच्छासँग सम्बन्धित हुन्छ र इच्छा कायिक आवश्यकतासँग सम्बन्धित हुन्छ। कायिक आवश्यकतापूर्ति अन्यबाट हुन्छ। त्यसका लागि व्यक्तिले अन्यसँग माग गर्छ। माग गर्न भाषाको प्रयोग गर्नुपर्छ। भाषामा सङ्केतकले आवश्यकतालाई अर्थात् सङ्केतितलाई यथावत् रूपमा बुझाउन सक्तैन । भन्न खोजेको कुरा सङ्केत मात्र गर्न सकिने, यथावत् रूपमा भन्न नसकिने हुनाले भाषा पर्खाल हो (लकाँ, सन् २००६, पृ. २३३) । भाषा प्रतीकात्मक हुन्छ र वक्ताको भाषालाई श्रोताले उस्तै रूपमा नबुझ्न पनि सक्छ। अर्थ नबुझिए अन्यद्वारा व्यक्तिको माग पूरा हुन सक्तैन । त्यही अपूर्ण इच्छा नै अचेतन हो, अचेतन नै अभाव हो (लकाँ, सन् २००६, पृ. ६८९) । यसप्रकार अचेतन भाषा जस्तै संरचित हुन्छ ।

अचेतनको निर्माण प्रतीकात्मक तहमा हुन्छ। प्रतीकात्मक सम्बन्ध भनेको भाषिक सम्बन्ध हो ( लकाँ, सन् १९९१, पृ. १५७) । शिशुमा भाषिक ज्ञान हुन थालेपछि सामाजिक ज्ञान पनि हुन थाल्दछ। भाषा सामाजिक अभिव्यक्तिको कार्य हो। व्यक्तिले जब आवश्यकता पूर्तिका लागि आफ्नो माग अरूसमक्ष राख्ने प्रयत्न गर्छ, त्यतिखेर भाषा बाधक भइदिन्छ । उसले व्यक्त गर्न खोजेको कुरा यथावत् रूपमा प्रकट हुन सक्दैन किनभने अचेतनका इच्छा सोझै अभिव्यक्त हुन सामाजिक नियमको चेतनाले रोक्दछ । श्रोताले अरूद्वारा व्यक्त कुरा आफ्नै ढङ्गले बुझ्दछ किनभने अर्थ अभिप्रायात्मक हुन्छ (लकाँ, सन् २००६, पृ. ६६) । यहाँनिर लकाँमा एडमन्ड हुसर्लको प्रभाव देखापर्दछ । लकाँका अनुसार शिशुले भाषाका माध्यमबाट सामाजिक नियम पनि बुझ्न थाल्दछ । घरका ठुला नातेदारहरूबाट उसले विधिनिषेधका कुरा सिक्दछ । तिनलाई लकाँले प्रतीकात्मक बाबु (नेम-अफ-द-फादर) र बृहत् अन्य (बिग अदर) भनेका छन् । बाबुलाई नियमको विशेषाधिकारको मौलिक प्रतिनिधि मानिन्छ (लकाँ, सन् २००६, पृ. ६८८) । व्यक्तिका माग प्रतीकात्मक बाबु अर्थात् अन्यबाट नियन्त्रित हुन्छ । व्यक्तिले प्रतीकात्मक बाबु वा सामाजिक नियम अनुरूप आफूलाई बनाउने प्रयत्न गर्छ । त्यसैले व्यक्तिका इच्छा भनेको अन्यको इच्छा हो (लकाँ, सन् १९८९, पृ. २०१) । अन्यको इच्छामा निर्भर हुने भएकाले व्यक्तिका सबै इच्छा पूरा हुन सक्दैन र त्यही

अभाव अचेतन हो । यही सिद्धान्तका आधारमा यस लेखमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पाइने अचेतनको संरचनाको अध्ययन गरिएको छ ।

## परिणाम र विमर्श

ज्याक लकाँको अचेतनसम्बन्धी सिद्धान्तका आधारमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको अध्ययन गर्दा ती उपन्यासका पात्रमा अचेतनको संरचना फेला पार्न सकिन्छ । उपन्यासमा पात्रका शारीरिक आवश्यकताको पूर्ति अन्यबाट हुन नसक्दा उनीहरूको मानसिकतामा अभावको सिर्जना भएको र ती अभाव इच्छाका रूपमा रहेको पाइन्छ । अचेतनका इच्छाका कारण पात्रका चिन्तन, व्यवहार र अनुभूतिमा प्रभाव परेको देखिन्छ । त्यस आधारमा अध्ययन गर्दा कोइरालाका उपन्यासमा अचेतनको संरचना अन्यसँग सम्बन्ध, माग र अन्यको इच्छा, अभाव र इच्छाका आधारमा भएको पाइन्छ । त्यसको विमर्श तल प्रस्तुत गरिएको छ ।

### अन्यसँग सम्बन्ध

लकाँको मनोविश्लेषणअनुसार अन्य काल्पनिक र प्रतीकात्मक हुन्छ । तिनलाई लकाँले लघु अन्य र बृहत् अन्य भनेका छन् । काल्पनिक अन्यको पहिचान दर्पणावस्थामा हुन्छ । यो शिशुको छ महिनादेखि अठार महिनासम्मको अवस्था हो । दर्पणावस्थामा शिशुले दर्पणबाट परावर्तित आफ्नो शरीर र बाह्य वातावरणलाई चिन्दछ (लकाँ, सन् २००६, पृ. ७८) । आमाको शरीर नै शिशुका लागि दर्पण हो । दर्पणमा प्रतिबिम्बित आफ्नो शरीरको बिम्ब शिशु स्वयम् नभएर अन्य हो । यो भ्रान्तिपूर्ण प्रकारको हुन्छ । त्यसैले त्यस अवस्थालाई काल्पनिक भनिएको हो । व्यक्तिको पहिलो जम्काभेट अन्यसँग हुन्छ । त्यो अन्य प्रतिबिम्बित अहम् पनि हो र आफूभन्दा बाहिरको जगत् पनि हो । अचेतनको संरचना भने प्रतीकात्मक अवस्थामा हुन्छ । प्रतीकात्मक अवस्था भनेको भाषाको ज्ञान भएको अवस्था हो । बृहत् अन्यको इच्छाका कारण अचेतनको संरचना हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अन्यसँग सम्बन्ध महत्त्वपूर्ण देखिन्छ ।

*तीन घुम्ती* उपन्यासमा इन्द्रमायाले जीवनमा गरेका महत्त्वपूर्ण निर्णयहरूको कथा प्रस्तुत गरिएको छ । उसका क्रियाकलापका आधारमा उपन्यासले आकार लिएको छ । उसको सम्बन्ध मूलतः पीताम्बरसँग सम्बन्धित छ र त्यसलाई इन्द्रमायाले धेरै वर्षपछि स्मरण गर्दछे । छोरी रमाले आफूले बिहे गर्न चाहेको केटोलाई देखाउन ल्याउन लागेको हुनाले पैतालिस वर्षको उमेरमा पुगेकी इन्द्रमायाले आफ्नो यौवनकालका घटनाहरू सम्झिन थाल्दछे । उपन्यासको आरम्भ हुनुभन्दा अघि नै इन्द्रमायाले पीताम्बरलाई प्रेम गर्न थालेको देखिन्छ । तर त्यो प्रेम अव्यक्त, सहजात किसिमको, अचेतन स्वरूपको देखापर्दछ । घरमा आफ्नो बिहेको चर्चा चल्न थालेपछि उसले आफू पीताम्बरको प्रेममा डुबिसकेको कुरा चाल पाउँछे । इन्द्रमायासँग दुईओटा मात्र विकल्प छन्– कि उसले अन्यको इच्छापूर्तिका लागि आफूलाई आदर्शस्वमा परिवर्तन गर्न सक्नुपर्छ कि त आफ्नो अचेतनमा निहित अभावको पूर्ति गर्न पीताम्बरलाई वरण गर्नुपर्छ । उसले प्रतीकात्मक बाबु अर्थात् सामाजिक परिपाटीसँग विद्रोह गर्दछे र दोस्रो बाटो रोज्दछे ।

विवाह भइसकेपछि घरमा पीताम्बरका राजनीतिक मित्रहरूबाहेक अरू नभएकाले इन्द्रमाया तिनीहरूसँग नै घुलमिल हुँदै जान्छे । ऊसँग अलि बढी नजिकिन खोज्ने रमेशतर्फ ऊ नजानिँदो ढङ्गबाट आकर्षित हुन थाल्छे । पीताम्बर जेल परेपछि इन्द्रमाया अन्यविहीन बन्छे । उसको आवश्यकतापूर्तिका लागि अन्यको अभाव हुन्छ । व्यक्तिको आफ्नो आवश्यकतापूर्तिका लागि अर्को व्यक्ति चाहिन्छ नै । काल्पनिक स्तरमै पनि स्वपहिचानका लागि दर्पणको आवश्यकता पर्दछ । व्यक्तिले आफूलाई अरूको सापेक्षताबाट हेर्दछ र आफूलाई चिनेको ठान्दछ । प्रतीकात्मक स्तरमा पनि इच्छाको आलम्बन अन्य हो

र त्यो अभाव निर्माणको आधार पनि हो । व्यक्तिको इच्छा अन्यको इच्छा हुनका लागि अन्यको उपस्थिति हुनु जरुरी हुन्छ । अन्यको इच्छा भन्नु अन्यबाट पाइने प्रेमको इच्छा पनि हो । पीताम्बरको अनुपस्थितिमा इन्द्रमायामा उदरपूर्तिका साथै यौनेच्छा पूर्तिको समेत अभाव उत्पन्न हुन्छ । तिनै अभावको पूर्तिको प्रयास हो रमेशको वरण ।

रमेशको वरणपछि इन्द्रमायालाई प्रतीकात्मक बाबु अर्थात् सामाजिक मर्यादाबोधले लखेटिरहन्छ । सामाजिक मर्यादा अन्य हो जो नदेखिएर पनि त्यसको उपस्थिति भइरहन्छ । त्यो अनुपस्थितको उपस्थिति हो । रमेशसँग पहिलो पटक रात बिताएपछि बिहान उसको अनुभूतिलाई यसरी प्रस्तुत गरिएको छ :

> शरीर र मनले आनन्दको स्वाद पाएको अनुभव हुँदाहुँदै पनि एउटा हलुको विषादको चिसो निःश्वास उसको कण्ठबाट निस्क्यो– पीताम्बर मेरो, म तिमीलाई माया गरी नै रहेकी छु, गरी नै रहेकी छु । त्यसपछि धोती बोकेर ऊ बाग्मती नुहाउन हिँडी । उसलाई त्यस दिन पशुपतिको दर्शनको पनि कामना भयो (कोइराला, २०५१, पृ. ५३) ।

बाग्मती नुहाउन जानु र पशुपतिदर्शनको कामनामा प्रायश्चित्तको भावना निहित छ । प्रायश्चित्तको भावना बन्ध्याकरणको दण्डसँग सम्बन्धित हुन्छ । प्रतीकात्मक बन्ध्याकरण शिश्नछेदनको प्रक्रिया होइन, दण्डको त्रास हो । परपुरुषसँगको सम्बन्धलाई इन्द्रमायाको संस्कारले दण्डनीय ठहऱ्याएको छ । त्यही भएर ऊ आनन्दको अनुभव गरिरहे पनि तृप्त हुन सक्तिन, उसमा पतिको, मर्यादाको अभाव खट्किरहन्छ । उसले "उदास त छु, तर के आनन्द पनि छैन र ? सुख पूरा पाइरहेकी छु, तर के वेदना पनि छैन र मनमा ?" (कोइराला, २०५१, पृ. ५७) भन्ने अनुभव गर्दछे । पीताम्बर जेलमुक्त भएर आउँदा इन्द्रमाया आमा बनिसकेकी हुन्छे । अर्काको बच्चा पीताम्बरलाई स्वीकार्य हुँदैन र इन्द्रमायाले छोरीका लागि गृहत्याग गरेर हिँड्दछे ।

प्रस्तुत उपन्यासमा इन्द्रमायाका लागि पीताम्बर र रमेश बृहत् अन्य हुन् । पीताम्बर पतिका रूपमा र रमेश प्रेमीका रूपमा इन्द्रमायाको सम्बन्ध रहेको छ । इन्द्रमायाको दैहिक आवश्यकता पीताम्बर बाट पूरा हुन नसकेपछि त्यो इच्छाका रूपमा रहन पुग्दछ । त्यसको पूर्ति रमेशले गर्छ । पीताम्बर र रमेशसँगको सम्बन्ध इन्द्रमायाका लागि क्षणिक बनेको छ ।

*नरेन्द्रदाइ* उपन्यास नरेन्द्र, गौरी र मुनरियाको त्रिकोणात्मक सम्बन्धमा आधारित छ । गौरी नरेन्द्रकी विवाहिता पत्नी हो र मुनरिया नरेन्द्रका घरमा काम गर्ने धानुकपुत्री हो । नरेन्द्र गौरीप्रति वितृष्ण र मुनरियाप्रति अनुरक्त देखिन्छ । त्यसको कारण पहिल्याउँदै जुण्टुनानीले भन्छे– "गौरीमा नरेन्द्रले के पाउँछ र एक चिम्टी छाती छैन जहाँ मुनरिया अँजुलीभरि लिएर हिँड्छे" (कोइराला, २०४९, पृ. १४) । त्यो कुरा गौरीले पनि नरेन्द्रलाई लेखेको चिट्ठीमा उल्लेख गरेकी छ । शारीरिक रूपमा पूर्ण विकसित हुन नसकेकी गौरी नरेन्द्रका लागि उपयुक्त लाग्दिन र शारीरिक रूपले परिपुष्ट एवं आकर्षक मुनरियातर्फ ऊ आकर्षित हुन्छ । नरेन्द्रले आफ्नी पत्नीबाट पाउन नसकेको सन्तुष्टि मनुरियाबाट प्राप्त गर्छ । त्यही भएर नरेन्द्रले गौरीलाई त्याग गरी मुनरियालाई लिएर हिँड्छ ।

नरेन्द्र कसैको पनि अधीनमा रहँदैन । नरेन्द्रलाई गौरीसँग मिलाउन घरका मान्छेहरूले अनेक प्रयत्न गर्छन्, तर कसैको केही लाग्दैन । ऊ आफ्नै बाबुसँग पनि मुखमुखै लाग्छ । गौरीको प्रेम नरेन्द्रमाथि, नरेन्द्रको प्रेम मुनरियामाथि भएकाले उनीहरूको सम्बन्ध त्रिकोणात्मक बन्दछ ।

नरेन्द्रबाट परित्याग गरिएकी भए पनि गौरीले भने पतिलाई जीवनभरि प्रेम गर्दछे । पतिबाट प्रेम पाउन नसकेपछि उसले कृष्णको पूजा गरेर नरेन्द्रको अभावको क्षतिपूर्ति गर्दछे । नरेन्द्र फर्केर आएपछि

कृष्णको त्यस मूर्तिलाई बिर्सन थाल्दछे । मुनरियालाई लिएर घर छोडी गएको नरेन्द्र क्षयरोग लागेर घर फर्केर आउँदा गौरी अत्यन्त हर्षित हुन्छे । सधैँ शाकाहारी गौरी बिरामी नरेन्द्रलाई तागत बढाउन मासु खुवाउनुपर्ने भएपछि उसले पनि मासु खान थाल्छे । उसले नरेन्द्रको प्रेमलाई सर्वस्व ठान्छे र नरेन्द्रको मृत्युपश्चात् उसले भन्छे– "उनी सदाका लागि मलाई प्रेम दिएर गए ... हो, सानोबाबु, मरेनन् । ममा आएर बसे सधैँ-सधैँका लागि, मलाई सदाका लागि सौभाग्यवती बनाए" (पृ. ७५) । नरेन्द्रको मृत्यु भए पनि उसले बाढीले खत्तम पारेको बस्तीको घर छाड्दिन र सानोबाबु भेटेपछि मात्र सदाका लागि माइत हिँड्दछे । नरेन्द्र गौरीका लागि प्रतीकात्मक अन्य हो ।

प्रस्तुत उपन्यासमा गौरी र मुनरियाका लागि नरेन्द्र बृहत् अन्य हो । पत्नी बनेर मुनरियाले नरेन्द्रबाट पहिला सन्तुष्टि प्राप्त गर्दछे र पछि परित्यक्ता हुन्छे । विवाहिता गौरी नरेन्द्रबाट पहिलो त्याज्य हुन्छे र पछि काम्य हुन्छे । पतिको रुग्णावस्थामा आगमन गौरीका लागि मानसिक सन्तुष्टि मात्र बनेको छ ।

*सुम्निमा* उपन्यास सुम्निमा, सोमदत्त, सूर्यदत्त र पुलोमाबिचको सम्बन्धमा विकसित भएको छ । उनीहरू परस्पर अन्य हुन् । आख्यानीकरणमा मिथकीय विषयवस्तुको आधार लिइए पनि यस उपन्यासमा व्यक्तिका मानसिक अवस्थाको विश्लेषण गरिएको छ । सोमदत्तलाई नैष्ठिक आचरणतर्फ लगाइराख्न चाहने उसको बाबु सूर्यदत्त छ भने प्राकृतिक धर्मतर्फ प्रेरित गर्ने सुम्निमा छ । त्यसले गर्दा सोमदत्तको मन बाल्यकालदेखि दोलायमान बनेको छ । उसको नियामक उसकै बाबु हो । सूर्यदत्त सोमदत्तको वास्तविक बाबु भए पनि उसले सोमदत्तलाई पालना गर्न लगाउने नियम प्राचीन ऋषिमुनिहरूको हो । त्यसले ऊ प्राचीन नियमको प्रतीक हो । सोमदत्तको प्रतीकात्मक बाबुले किरातीहरूको सङ्सर्ग उचित मान्दैन, सोमदत्तलाई उसले सधैँ सतर्क रहन भन्छ । अरण्यवासमा सोमदत्तको तपस्चर्या अचेतनका सहज वृत्तिलाई दमन गर्ने प्रयत्न नै हो । उसको तपोसाधनाका लागि सुम्निमाको उपस्थिति सबभन्दा ठुलो चुनौती बन्दछ । सुम्निमा सहज, स्वाभाविक, प्राकृतिक वृत्तिलाई वास्तविक मान्दछे र त्यसैका आधारमा सोमदत्तसँग बहस र व्यवहार गर्दछे ।

सोमदत्तले ब्रह्मचर्य धर्मको पालनालाई नै मुख्य कर्तव्य मानेको छ । त्यसका लागि यौनसुख त्याग्नुपर्छ । त्यही भएर उसले सुम्निमाको सहज वृत्तिलाई अस्वीकार गर्छ । नैष्ठिक नियमले सोमदत्तलाई स्वाभाविक सन्तुष्टिबाट रोक्दछ र सोमदत्तबाट सुम्निमाको प्रस्ताव अस्वीकार हुन्छ । त्यसबाट उनीहरू दुवैले अभावको अनुभूति गर्दछन् । इन्द्रियजयी हुनका लागि कठोर तपस्या गर्न हिँड्दछ । सोमदत्तले गरेको कठोर तपस्या अचेतनमा इच्छाका रूपमा रहेकी सुम्निमालाई भुल्ने प्रयास नै हो ।

तपस्याद्वारा इन्द्रियजयी बनेर घर फर्केको सोमदत्तले आमाबाबुको आज्ञाअनुसार सन्तानोत्पत्तिका लागि विवाह गर्नुपर्दछ र पुलोमासँग उसको विवाह हुन्छ । उनीहरूबिचको सम्बन्ध दाम्पत्य प्रेमभन्दा पनि आध्यात्मिक प्रयोजनमा सीमित छ । शरीरले आनन्द भोग गर्दैछ भन्ने अनुभूति हुन नदिई वासनारहित ढङ्गमा गरिएका कुनै पनि पुत्रेष्टि यज्ञ सफल हुन सक्तैन । उनीहरूका सम्बन्धमा परस्पर स्वाभाविक जैविक आवश्यकता पूर्ति हुन सकेको छैन र त्यो आवश्यकता अभावका रूपमा अचेनमा रहन पुगेको छ । पछि सोमदत्त र पुलोमाका बिच जुन समागम भएको छ, त्यसमा सोमदत्त सुम्निमासँग र पुलोमा भिल्लयुवकसँग समागम भएको भ्रान्तिमा सन्तुष्ट बनेका छन् । उनीहरूको सन्तुष्टि काल्पनिक रूपको छ । सुम्निमाको दिनभरिको चर्या र छुट्ने बेला सुम्निमाको चुम्बनले डामिएको सोमदत्तले यौनावेगमा पुलोमालाई सुम्निमाकै स्वरूपमा देख्छ र गाउँको भिल्लयुवक सम्झेर बसेकी पुलोमाले भिल्ल परिधानमा रहेको सोमदत्तलाई भिल्लयुवककै रूपमा चिन्छे । उनीहरूको पहिचान जुन भ्रमात्मक छ । काल्पनिक

रूपमै भए पनि पुलोमाले भिल्ल युवकको र सोमदत्तले सुम्निमाको अभावको पूर्ति गर्छन् । तर त्यसपछि भने उनीहरूको सम्बन्ध मधुर हुँदैन ।

यसप्रकार *सुम्निमा* उपन्यासमा पहिला सुम्निमाका लागि सोमदत्त र पछि सोमदत्तका लागि सुम्निमा बृहत् अन्यका रूपमा देखापर्दछन् । सुम्निमा र सोमदत्तबिचको सम्बन्ध अनुरागपूर्ण भए पनि सुम्निमाको स्वाभाविक इच्छालाई सोमदत्तले अवाञ्छित ठहऱ्याउँछ । सोमदत्तका लागि बाबुआमा पनि बृहत् अन्य हुन् । उनीहरूको आदेश सोमदत्तका लागि बाध्यकारी बनेका छन् । सोमदत्त र पुलोमा परस्पर अन्य हुन् । पतिपत्नी भए पनि उनीहरूको सम्बन्ध सन्तानप्राप्तिको हेतुमा सीमित छ ।

*मोदिआइन* नारीसमस्याकेन्द्री उपन्यास हो । महाभारकालीन नारीका लागि यसको कथा 'म' पात्रले प्रस्तुत गरेको छ र मूल कथा भने मोदिआइनद्वारा वर्णन गरिएको छ । मोदिआइनले सुनाएको कथा 'म' पात्रले तन्द्रा र सपना-विपनाबिचको अर्द्धजागृत अवस्थामा जसरी बुझेको छ, त्यो महाभारतले नभनेको वा बिर्सेको विषयवस्तुसँग सम्बन्धित छ । पुरुषहरूले आफ्नो स्वार्थ र अहङ्कारवश महाभारतको युद्ध लडे, सबैजसोले वीरगति पनि प्राप्त गरे, तर उनीहरूका पत्नीहरूलाई केकस्तो पीडा दियो भन्ने कुरामा यो उपन्यास लेखिएको छ । यस उपन्यासको आरम्भमा बालक 'म' पात्रलाई नियन्त्रण गर्ने व्यक्ति मोदिआइन प्रतीकात्मक बाबुका रूपमा देखिए पनि मूल कथामा दुर्योधन र कृष्ण नियामकका रूपमा देखापर्दछन् । त्यसैले ती प्रतीकात्मक बाबु हुन् ।

यस उपन्यासमा अतृप्त नारीआत्माको कथा प्रस्तुत गरिएको छ । चाहे महाभारतकालीन नारीमा होस्, चाहे प्रेतात्मा मछुवारिनमा होस्, चाहे वर्तमानकी मोदिआइनमा होस्, सबैमा अतृप्ति छ, सबैमा मनोवाञ्छाहरू छन् । यी अतृप्ति र मनोवाञ्छाहरू अनन्त र शाश्वत छन् । यो बुभुक्षा पुस्तानपुस्ता चलिरहने आद्यस्वरूपको छ । कथाको टुङ्ग्याउनीमा मोदिआइनले व्यक्त गरेका कुराबाट त्यही कुराको पुष्टि हुन्छ । उसले भनेकी छ :

> मेरो एउटा मृत्यु त कुरुक्षेत्रमा भयो जुन दिन मेरा पति मरे होलान्, अर्को मृत्युका लागि धेरै दिन पर्खिनु परेन । .... म सरह लाखौं लाख नारीहरूको प्रेतात्मा आफ्नो अनन्त वैधव्यको व्यथा बोकेर चौधै भुवनमा भौँतारिएर हिँडिरहेका छन्, आफ्ना प्यारालाई खोज्दै । त्यसैले युग युगदेखि मेरो प्राणनाथको शरीर खसेकोमा आएर बसिरहेकी छु, अनन्तसम्म बसिरहनेछु, यस तलाउको किनारमा जुन थलोलाई मेरा लागि मेरो प्रेमीको शरीरको अन्तिम स्पर्शले प्रिय बनाएको छ (कोइराला, २०४६, पृ. ५८–५९) ।

महाभारतकी नारीमा युवा वयमै वैधव्य-व्यथा भोग्नुपरेको र सन्तानवती हुन नपाएकीले अतृप्ति रहेको छ । मछुवारिन महाभारतकालीन अतृप्त नारीको प्रेतात्मा हो भन्ने देखिन्छ । उसले तान्त्रिकलाई भन्छे :

> म को हुँ तिमीलाई के चासो ? हाँसेको किनभने कलियुगमा मानिस मात्र खिइएनन् कि पशु-पंक्षी पनि खिइसके । हेर न, त्यो रोहुलाई चीलले उडाएर लैजान सकेन । पहिले-पहिले मानिसहरू पराक्रमी र हात्तीजस्ता शक्ति राख्ने हुन्थे र पशु-पंक्षी पनि त्यस्तै बलिया । महाभारतको पालामा कुरुक्षेत्रबाट एउटा योद्धाको शरीरलाई टिपेर उडेको चीलले यही वापीमा आएर त्यस शवलाई फ्याँकेको थियो (पृ.२०–२१) ।

आफ्नो परिचय दिन नचाहने र महाभारतको युद्धमा मरेको योद्धाको शरीरलाई चीलले टिपेर ल्याई त्यस तलाउमा फ्याँकेको थाहा पाउने, तान्त्रिकले रोकिन भन्दाभन्दै आफू र डालोसमेत लोप हुने मछुवारिन प्रेतात्मा नै हो भन्ने देखिन्छ । ऊ पनि आफ्नो प्रेमीको शरीर खसेको थलोमा आएर बसिरहेकी देखिन्छ । यो पनि प्रेतात्मासम्बन्धी मिथक हो र यसमा नारीको अतृप्तिजन्य आद्यबिम्ब प्रकटिएको छ । मछुवारिन र मोदिआइनबिच धेरै कुरामा समानता पाइन्छ । उनीहरूको शारीरिक बनावट, पोसाक, पेसा, प्राचीन

घटनाको जानकारीका आधारमा मोदिआइन र मछुवारिन एउटै नारी हुन् भन्ने बुझिन्छ । मोदिआइनको पति भए पनि रुग्ण, अशक्त र क्लान्त छ, त्यो दैहिक र मानसिक सन्तुष्टिका दृष्टिले नहुनु बराबर छ । महाभारतकालीन नारी जस्तै मोदिआइन पनि सन्तानवती बन्न सकेकी छैन ।

प्रस्तुत उपन्यासमा महाभारतको कथामा पाण्डवहरूका लागि दुर्योधन बृहत् अन्य र पछि कृष्ण बृहत् अन्यका रूपमा देखापर्दछन् । महाभारतको युद्ध दुर्योधनका कारणले भएको हो र त्यसलाई पाण्डवहरूले स्वीकार गर्न बाध्य भएका छन् । युद्ध हुने नै भएपछि हतियार नउठाए पनि पाण्डवहरूको नेतृत्व कृष्णले गरेको छ । त्यसै सन्दर्भमा महाभारतकालीन नारीको कथा जोडिन्छ । उसले कृष्णलाई नै महाभारत युद्धको नियन्ता मानेकी छ । तान्त्रिकका लागि मछुवारिन बृहत् अन्य हो । उसका लागि मछुवारिन रहस्यमय लाग्दछे । त्यसैगरी 'म' पात्रका लागि मोदिआइन बृहत् अन्य हो । ऊ मोदिआइनकै नियन्त्रमा रहेको छ ।

*हिटलर र यहूदी* उपान्यासमा हिटलर प्रतीकात्मक बाबु हो । यहुदीहरूको संहार उसकै कारणले भएको हो र उसकै कारणले द्वितीय विश्वयुद्ध भएको हो । विश्वयुद्धले ध्वस्त भएको बर्लिन सहर, त्यहाँका मानिसहरूको दयनीय एवं कारुणिक जीवन तथा ग्यासचेम्बरमा मारिएका र सामूहिक चितामा पोलिएका यहूदीहरूको त्रासद कथाले 'म' पात्रको मानसिकतामा जस्तो असर पर्दछ, त्यो उसको सपनाका माध्यमबाट अभिव्यक्त भएको छ । खोरन्डे लिओनार्डको आश्रयस्थलमा रात बिताउँदा उसले सपनामा हिटलरले ईश्वरका अगाडि दिएको बयानबाट हिटलरको चारित्रिक विशेषताको जानकारी मिल्दछ । "दोषमुक्त निर्मल प्राणी हुँ म । आफ्ना लागि मैले केही पनि गरिनँ– धन, सम्मान, इन्द्रिय-सुख, पत्नी-प्रेम सबैलाई तुच्छ पारें– म निस्पृह सन्यासी थिएँ जीवनभरि । म केवल एक लक्ष्यले जर्मन राष्ट्रको उत्थानका लागि एकनिष्ठासँग संलग्न रहेँ" (कोइराला, २०५०, पृ. १३३) भन्ने हिटलरमा इन्द्रियसुख पूरा हुन नसकेको देखिन्छ । ईश्वरसँग "म ईश्वर थिएँ । हो, तिम्रो दाँजोमा एउटा सानो ईश्वर" (कोइराला, २०५०, पृ. १३५) भन्ने हिटलर नियामक भएको पुष्टि हुन्छ । ऊ यहुदीहरूका साथै सारा जर्मनका लागि बृहत् अन्य हो ।

उपन्यासमा 'म' पात्र र लक्ष्मी पतिपत्नी भए पनि लक्ष्मी बृहत् अन्यका रूपमा देखापर्छे । 'म' पात्रको उपचारका लागि सारा प्रबन्ध उसैले मिलाएकी छ । यात्राका क्रममा 'म' पात्र नारायणन र डा. सुनील भट्टाचार्यको नियतिवादी दर्शनको श्रोता बनेको छ । ग्याँसचेम्बरको स्थलमा 'म' पात्रका लागि खोरन्डे लिओनार्ड बृहत् अन्य हो । 'म' पात्रले लिओनार्डबाट एक रातका लागि आश्रय पाएको छ ।

*बाबु, आमा र छोरा* उपन्यासमा शीर्षकअनुसार नै बाबु, आमा र छोराबिचको सम्बन्ध प्रस्तुत गरिएको छ । छोराले गान्धर्व विवाह गरेर गर्भवतीसमेत तुल्याइएकी युवतीसँग अनजानमै बाबुले बिहे गरेका कारण उनीहरू सबैमा मानसिक समस्या उत्पन्न भएको देखिन्छ । आमालाई आफू कसकी सौतेनी आमा बन्नपुगेकी छु भन्ने थाहा छैन । छोरा आफ्नी प्रेमिकाबाट धोका पाएको भन्ने पीरले बेखबर हराएको छ, आमा आफ्नो प्रेमीसँग गान्धर्व विवाह भई गर्भवती समेत भएकी र आमाबाबुको करकापमा अनिच्छित पुरुषकी दुलही बन्नुपरेकोमा पूर्व घटनाको सम्झना गर्दै आत्मपीडा झेलिरहेकी छ र बाबुले कान्छी स्वास्नीबाट ईप्सित प्रेम पाउन नसकेकोमा पहिलो पत्नीको स्मरण गर्दै प्रेम-निस्सारताको बोध गर्नपुगेको छ ।

यस उपन्यासमा बाबु र छोरा दुवैका लागि आमा बृहत् अहम् हो । दुवैको आवश्यकता आमाबाट पूर्ति हुन सक्छ । आमा पहिला छोराकी पत्नी र पछि अनजानवश बाबुकी पत्नी हो ।

**माग र अन्यको इच्छा**

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मनोविश्लेषणात्मक माग र अन्यका इच्छा उल्लेखनीय रहेको छ । *तीन घुम्ती* उपन्यासमा बिहेको कुरा चल्दा इन्द्रमायाले आफूले विवाह गर्न चाहेको केटाको नाम

भन्छे । यो आमाबाबुसमक्ष उसको माग हो । उपन्यासमा भनिएको छ– "पहिलो दिन उसको विवाहको चर्चा चल्दा पनि अप्रत्याशित वाक्य निस्केको थियो उसको मुखबाट 'पीताम्बर छँदै छ नि !' अन्तःकरणको गोपनमा रक्षित भएर हुर्कंदै आएको प्रेम त्यस दिन हठात् दिनको सुस्पष्ट आलोकमा प्रकट भएको थियो" (कोइराला, २०५१, पृ. ८) । त्यो कुरा उसका आमाबाबुलाई स्वीकार्य हुँदैन । उसको इच्छा अन्यको इच्छासँग मेल खाँदैन । काठमाडौँको नेवारकी छोरी र पर्वते बाहुनका बिच बिहे गर्न तत्कालीन सामाजिक नियमले रोक्छ । त्यहाँनिर उसका आमाबाबु सामाजिक नियमको प्रतिनिधित्व गर्ने बृहत् अन्यका रूपमा खडा भएका छन् । आफूहरू सत्ताधारीको पक्षधर र पीताम्बर त्यसको विरोधी दलको कार्यकर्ता भएकाले पनि त्यससँग छोरीको विवाह गरिदिन इन्द्रमायाका आमाबाबुले इच्छा गर्दैनन् ।

इन्द्रमाया पीताम्बरकहाँ सधैँका लागि बस्न आएको भनेर गएपछि उसलाई स्वीकार गर्ने वा नगर्ने भन्ने कुरा पीताम्बरको इच्छामा निर्भर गर्दछ । त्यसैले पीताम्बर इन्द्रमायाका लागि काल्पनिक अन्य नभएर प्रतीकात्मक अन्य, बृहत् अन्य हो । राजनीतिक सङ्गठनको कार्यमा सधैँ व्यस्त पीताम्बरले इन्द्रमायाका नैसर्गिक आवश्यकताको पूर्ति राम्ररी गर्न सक्तैन । उपन्यासमा भनिएको छ– "इन्द्रमायाले मृदु स्वरमा भनी– 'सन्तान भनेको पनि पति-पत्नीको सम्मिलित सहयोगको सुन्दर रचना हो । खोइ यता त्यो सहयोग ?' पीताम्बर कोल्टे फर्केर भन्यो– 'आज म असाध्य थाकेको छु" (कोइराला, २०५१, पृ. २४) । यो इन्द्रमायाको माग हो तर पीताम्बरबाट त्यो पूरा हुँदैन । त्यही भएर इन्द्रमायामा अभावको निर्माण भएको छ र त्यो अचेतन इच्छाका रूपमा रहन पुगेको छ । पीताम्बरका व्यवहारमा पाइने शुष्कता, हडबडी र कामशैथिल्यले गर्दा इन्द्रमायाको अचेतनको इच्छाले रमेशप्रति आकर्षित गर्दछ र पीताम्बर जेल परेपछि त्यसले अभिव्यक्ति पाउँछ ।

पीताम्बर जेलमुक्त भएपछि इन्द्रमायाले आफू अर्काको सन्तानकी आमा भए पनि पीताम्बर प्रतिको प्रेम अटल रहेको कुरा व्यक्त गर्छे । उसले "मेरो सतीत्व तिम्रो खाँचोको विषय नै होइन, पटक्कै होइन, त्यो त मेरो विषय पो हो, मेरो आस्थासँग सम्बन्ध राख्ने सती या असती जे हुन्छु त्यो म पो हुन्छु, त्यसकारण म सती भएँ वा असती भएँ भन्ने कुरा त मैले निर्णय दिने कुरा पो हो" (कोइराला, २०५१, पृ. ८०) भन्छे । यो तर्क पीताम्बरसमक्ष प्रेमको माग हो तर पीताम्बरले पति वा छोरीमध्ये एकलाई रोज्न भनेपछि इन्द्रमायाले पतिलाई भन्दा छोरीको अभावपूर्तिका लागि आफू बढी आवश्यक भएकाले उसले छोरीलाई रोज्दछे र पीताम्बरको घर परित्याग गर्दछे ।

*नरेन्द्रदाइ* उपन्यासमा शारीरिक रूपमा राम्ररी विकसित भइनसकेकी गौरी पतिबाट उपेक्षित भएपछि उसले पतिलाई रिझाउन अनेक प्रयत्न गर्छे । उपन्यास सुरु हुनुअघि नै नरेन्द्रका लागि गौरी त्याज्य र मुनरिया काम्य रहेका देखिन्छन् । घरका नारीहरूले कुरा गर्ने क्रममा महारानीले "भाउजू के टिक्न सक्नुहुन्थ्यो उसको अगाडि ! कहाँ गौरी भाउजूको केटाकेटीको जस्तो हुर्किन नसकेको जीउ, कहाँ मुनरियाको गाउँको घाम-पानी खाएर हुर्केको शरीर !" (कोइराला, २०४९, पृ. ३१) भन्दछे । शारीरिक रूपमा पूर्ण विकसित हुन नसकेकाले नरेन्द्रलाई आफ्नो स्वाभाविक सन्तुष्टिका लागि गौरी उपयुक्त लाग्दिन र शारीरिक रूपले परिपुष्ट एवं आकर्षक मुनरियातर्फ ऊ आकर्षित हुन्छ । ऊ पतिलाई आकर्षित गर्न सधैँ सिंगारपटार गरेर बस्छे, पढाइ र सङ्गीत सिक्दछे, नरेन्द्रको इच्छाबमोजिम कोठामै सीमित हुन्छे र नरेन्द्रप्रति प्रेम प्रकट गर्न सानोबाबुको हातमा सुपारी पठाउँछे । ती सबै कुरा प्रेमका लागि माग हुन् । तर गौरीको इच्छा नरेन्द्रबाट अस्वीकृत हुन्छ । त्यसबाट गौरीमा अचेतनको सिर्जना भएको छ । तर गौरीले सधैँ नरेन्द्रबाट प्रेमको चाहना गर्दछे ।

*सुम्निमा* उपन्यासमा सोमदत्तको तपश्चर्या अन्यको सङ्कथनद्वारा निर्देशित छ । “सोमदत्तले प्राचीन ऋषिहरूको मर्यादा थाम्ने छ, यसमा कुनै सन्देह छैन” (कोइराला, २०५४, पृ. ४) भन्ने गरिएकाले उसको व्यक्तित्व निर्माणमा प्रभाव पारेको छ । त्यही कथनलाई साकार तुल्याउन उसका बाबुआमा लागेका छन् । “सानै उमेरमा उसलाई पितामाताहरूले दृढ आदेश, कठोर नियम बन्धन र मुक्त प्रशंसाद्वारा सुगम जीवनबाट विरत गराइदिएका थिए” (कोइराला, २०५४, पृ. ४) । अचेतनका सहज वृत्तिको दमन नै ब्रह्मचर्यधर्मको मुख्य अनुशासन हो । त्यसमा सुम्निमाको उपस्थिति सबभन्दा ठुलो चुनौती बन्दछ । सोमदत्त र सुम्निमाबिचको सम्बन्धमा परस्पर माग र अवरोध दुवै रहेका छन् । एउटाको आवश्यकता र माग अर्काका लागि बोधगम्य हुन नसक्दा वा स्वीकार्य हुन नसक्दा उनीहरूमा इच्छाको अर्थात् अभावको सिर्जना हुनपुगेको छ । सुम्निमाले कामातुर वचन र भावभङ्गिमाका साथ सोमदत्तलाई आह्वान गर्छे, तर उसको मागलाई सोमदत्तले तिरस्कार गर्दै भन्छ– “सुम्निमा ! म भन्दैछु, यो तिम्रो शरीर पापरूप हो, विष हो, फोहर हो । हटाऊ मेरो अगाडिबाट यो नर्कलाई” (कोइराला, २०५४, पृ. २६) । सोमदत्तबाट प्रताडित सुम्निमामा अभावको सिर्जना हुन्छ र त्यो अचेतनका रूपमा रहन्छ । नैतिक चेतनाले त्यसो भने पनि सोमदत्त पनि कामविह्वल बनेको छ । त्यसलाई निर्मूल तुल्याउन ऊ कष्टसाध्य तपस्या गर्न हिँड्दछ । सोमदत्त र पुलोमाबिचको दाम्पत्य सम्बन्ध प्रगाढ बन्न सक्तैन । पहिला धर्माचरणका लागि मात्र वासनारहित ढङ्गमा पुत्रेष्टि यज्ञ गर्ने पछि वासनायुक्त समागमको अनुभव भएपछि एकको इच्छा हुँदा अर्काको इच्छा नहुने हुँदा उनीहरूका यौनेच्छाको माग पूरा हुन सक्तैन र तिनमा अचेतन संरचित हुन्छ ।

*मोदिआइन* उपन्यासमा युगयुगसम्म भट्किरहने अतृप्त नारीआत्माको करुण कथा प्रस्तुत गरिएको छ । महाभारतकालीन नारी, मछुवारिन तथा मोदिआइनमा पाइने मानसिक बुभुक्षा पुस्तानपुस्ता चलिरहने आद्यस्वरूपको छ । उपन्यासमा त्यसका मुख्य कारण महाभारतको युद्ध हो । कृष्णले अर्जुनलाई यो तिमीले देखेका कुरा सबै मिथ्या हुन् भनेको सुनेपछि त्यसको प्रतिक्रियास्वरूप नारीले मनमनै भन्छे :

> यो विशाल जन-समुद्रमा प्यारो पतिलाई खोजेर हिँडिरहेको मेरो आँखाले देखेका यी दृश्य सारा के माया हुन् ? हृदयमा अहिले केवल वाञ्छा भएर रही रहेको मेरो नजन्मेको सन्तानका मसिना रसिला ओठमा राखिन उन्मुख भएका मेरा ऊर्ध्वस्तन-युगल के मात्र मायाका लघु मांस-शिखर हुन् ? समुद्रको गर्भमा स्वातीको वृष्टि-बिन्दुलाई चाहना गरेर खुल्ने र बन्द हुने सीपी सम्पुटजस्तो सन्तानका तीव्र कामनामा स्पन्दित हुने मेरो मातृ गर्भ के त्यो पनि मिथ्या हो ? (कोइराला, २०४६, पृ. ५५) .

यसबाट नारीको माग बुझ्न सकिन्छ । तर उसको माग कृष्णसम्म पुग्दैन । सर्वज्ञ भनिएको कृष्णले त्यो थाहा पाएको भए पनि युद्धका लागि प्रेरित गर्न त्यसप्रकारको गीतादर्शन भनिरहेको कृष्णले त्यसलाई स्वीकार गर्ने कुरा पनि हुँदैन । कृष्णले निष्काम भावले युद्ध गर्न भनेका प्रति उसले प्रतिक्रिया व्यक्त गर्छे । देवताहरू नमर्ने भएकाले निष्काम भावले युद्ध गर्न सक्तछन्, मान्छेले सक्तैन किनभने उसको जीवन क्षणभङ्गुर छ । सबैले युद्ध नहोस् भनेर कामना गरे पनि युद्ध भएरै छोड्छ । अर्थात् नियामक प्रतीकात्मक बाबुहरू आफ्ना नियम लागू गरेरै छाड्छन् । पतिका मृत्युका कारण त्यति धेरै नारीहरूमा अभावको सिर्जना भएको छ ।

*हिटलर र यहूदी* उपन्यासमा हिटलरलाई महाभारतको युद्ध रचाउने कृष्णका बिम्बमा हेरिएको छ । धर्मका नाममा नरसंहार गराउने कृष्ण र राष्ट्रवादका नाममा नरसंहार रचाउने हिटलर उस्तै हुन् । उपन्यासमा डा. सुनिल भट्टाचार्य नामक पात्रले ‘म’ पात्रसँग हिटरललाई “ऊ कर्मयोगी थियो, गीताको शुद्ध अर्थमा” (कोइराला, २०५०, पृ. १४७) भन्दछ । कर्मशील हुँदैमा कर्मयोगी हुँदैन । आसक्तिरहित कर्म

गर्ने व्यक्ति नै कर्मयोगी कहलाउँछ । 'म' पात्रको स्वप्नमा हिटलरले आफूलाई निष्काम कर्मयोगी भन्दछ । हिटलरले भन्छ– "म निष्ठुर होइन कदापि । निष्ठुरता एउटा भावावेग हो– उत्तेजनापूर्ण क्रिया जसबाट म मुक्त भन्ठान्छु आफूलाई । यथार्थमा, म दयाबाट पनि मुक्त छु, किनभने दया पनि भावनाप्रधान तत्त्व भएकाले, मैले त्यसलाई विषजस्तो त्यागेको छु" (कोइराला, २०५०, पृ. १३०) । दया पनि त्यागेको हिटलरमा मानवता पाइने कुरै भएन । निर्दयी हिटलरका कारण लाखौँ मान्छेहरूको ज्यान गयो, कैयौँ बेघरबार भए । उसले कसैको मागको भावना सुनेन, आफ्ना विचार मात्र लादिरह्यो । त्यसैले ऊ नेम-अफ-द-फादर हो, प्रतीकात्मक बाबु हो । उसका कारण अरूका भावना कुण्ठित भएका छन् ।

*बाबु, आमा र छोरा* उपन्यासमा सबै पात्र नियतिको सिकार भएका छन् । नजानेरै उनीहरूबाट भुल भएको छ । छोराले पत्नी बनाएको युवतीलाई थाहा नपाएरै बाबुले विवाह गरेको छ । उनीहरूले आफ्नो इच्छा र भावना अरूसँग व्यक्त गर्न सक्तैनन् । उनीहरूका आवश्यकता र माग छन् तर अभिव्यक्त गर्न नसकेकाले अन्यबाट त्यसको पूर्ति हुन सकेको छैन । त्यसबाट अचेतनको सिर्जना भएको छ ।

**अभाव र इच्छा**

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा व्यक्तिका माग र त्यसप्रति अन्यको प्रतिक्रियाका कारण उत्पन्न अभाव र इच्छाको अवस्था महत्त्वपूर्ण छ । *तीन घुम्ती* उपन्यासमा इन्द्रमायाले आफ्नो दैहिक आवश्यकता पीताम्बरलाई स्पष्ट रूपमा बुझिने गरी भने पनि पीताम्बरले असमर्थता व्यक्त गरेपछि उसमा अभावको अनुभव हुन्छ । थाकेको छु भनेर पीताम्बर सुतिहाल्छ, तर "इन्द्रमायाले उसको शरीरलाई हलुको हातले थिचिरही । शरीरले आरम पाएर पीताम्बर निदायो । इन्द्रमाया धेरै बेरसम्म उसको शरीर मिचिरही । रातभरि उसलाई निद्रा परेन" (कोइराला, २०५१, पृ. २४) । पीताम्बरका कारण इन्द्रमायामा यौन सन्तुष्टिको अभाव उत्पन्न भएको छ र त्यो इच्छाका रूपमा अचेतनमा परिणत भएको छ ।

*नरेन्द्रदाइ* उपन्यासमा कथा सुरु हुनुअघि नै नरेन्द्रका लागि गौरी त्याज्य रहेकी देखिन्छ । त्यसका कारण गौरीले नरेन्द्रलाई लेखेको पत्रबाट स्पष्ट हुन्छ । उसले लेखेकी छ :

> अँध्यारो कोठाको प्रणय-शैयामा जब हजुरको हात मेरो शरीरको अनुसन्धान गर्दै हिँडिरहेको थियो, त्यस बखतमा मलाई लाग्यो, हे भगवान् मलाई अझै अविकसित बालिका नै किन राख्यौ ? मलाई स्वयम् आफ्नो शरीरको अपर्याप्तताको मार्मिक अनुभव भयो र म लज्जाले झन्-झन् डल्लो पर्दै गएँ । एक छिनपछि हजूरले कम्पित स्वरमा भन्नुभयो– 'सानी रहिछौ ।' (कोइराला, २०४९, पृ.४३) .

घरका महिलाहरूले गौरीलाई उज्याली भए पनि लोग्नेमानिसको जस्तो चौडा निधार, आँखा धेरै ठूला तर सानो अनुहारलाई नसुहाउने, अनुहार डल्लो खालको र नाक पनि बानगी नपरेको र कद पनि होचो अर्थात् हिस्सी परेको तर छाँट नपरेको, आकर्षण नभएकी भनेर टिप्पणी गरेका छन् । त्यसैकारण ऊ नरेन्द्रबाट परित्यक्ता हुन्छे । गौरीले सकेसम्म पतिलाई आफूतर्फ आकर्षित गर्न खोज्दछे । तर नरेन्द्र उसका आशयलाई तिरस्कार गरिरहन्छ । अनि गौरीमा प्रतिक्रियात्मक लक्षण देखिन थाल्दछ । गौरीले नरेन्द्रप्रति प्रेम प्रकट गर्न सानोबाबुको हातमा सुपारी पठाउँछे । उसले पठाएको सुपारी नरेन्द्रले स्वीकार गर्दैन र उसमा अभाव र इच्छा उत्पन्न हुन्छ । त्यसलाई उसले सानोबाबुलाई माया गरेर, कृष्णको पूजा गरेर पूर्ति गर्ने प्रयत्न गर्दछे ।

*सुम्निमा* उपन्यासमा सोमदत्त र सुम्निमाले एकअर्काबाट सन्तुष्टि चाहन्छन् । सुम्निमाको स्वाभाविक यौनेच्छालाई सोमदत्तले अस्वीकार गर्छ । त्यसबाट सुम्निमा मात्र नभएर सोमदत्त पनि आहत भएको छ । इन्द्रियविजयी भएको अवस्थालाई उसको अभाव र इच्छा उपन्यासमा व्यक्त गरिएको छ :

स्वभावअनुसार तत्काल सोमदत्तले आफ्नो हृदयमा सुम्निमालाई खोज्यो । उसको हृदय रित्त थियो– एकदम शून्य र खोक्रो । उसलाई लाग्यो, अब ऊ सुम्निमालाई निर्विकार भएर सम्झिन सक्ने भएछ । एकछिनसम्म विकाररहित दृष्टिले तरुणीको जलक्रीडा पनि हेरिरह्यो सुम्निमा शून्य हृदयका साथ । अनि उसलाई लाग्यो, उसको तपस्या सफल भएछ । (कोइराला, २०५४, पृ. ३२) ।

यस भनाइबाट सोमदत्तको तपस्या भनेको सुम्निमाबाट स्वाभाविक सन्तुष्टिको इच्छालाई शमन गर्न सक्नु रहेछ भन्ने स्पष्ट हुन्छ । सुम्निमा पनि सोमदत्तको व्यवहारले कम विह्वल भएकी छैन । सोमदत्तको तपस्या सफल भएपछि र पुत्रेष्टि यज्ञ असफल हुँदै गएपछि सोमदत्त विजुवालाई भेट्न जाँदा ऊसँग सुम्निमासँग भेट हुन्छ । उसका हालचाल सोद्धा सुम्निमाले भन्छे :

घाउ लागेको रुख पनि त हुर्किन्छ नि, यदि त्यसमा बाँच्नलाई चाहिने रस बाँकी छ भने र सहज स्वभावमा त्यसले हुर्किन पायो भने । फेरि, मेरो दुह्ला तिमी जस्तै छ, ऊसँग रात बिताउँदा तिमीसँगै छु जस्तो लाग्छ । यस्तै सपनालाई अँगाल्दै त हिँड्नुपर्छ नि बाँच्नु छ भने... । (पृ. ५६)

सोमदत्त र पुलोमाको सम्बन्धमा पनि अभाव र इच्छा देखापर्दछ । एकको इच्छालाई अर्काले अस्वीकार गर्ने कारण उनीहरूमा त्यसप्रकारको मानसिक अवस्थाको विकास भएको छ ।

*मोदिआइन* उपन्यासमा मोदिआइनद्वारा वर्णित कथामा नारीका अचेतनको इच्छा प्रस्तुत गरिएको छ । पुरुष अहङ्कारका कारण नारीका इच्छा दमित हुन बाध्य भएका छन् । 'म' पात्रले महाभार तको कालका मानिसहरू अहिलेसम्म बाँच्छन् र भन्ने प्रश्नमा मोदिआइनले भन्छे– "किन बाँच्तैनन् ? प्रेतात्मा भएर जुग जुगान्तरसम्म बाँची राख्छन् । आफ्ना प्रियजनहरूको नजिकै भइरहन खोज्छन् । कुनै न कुनै वाञ्छनाले, कुनै न कुनै पूर्ति नभएको कामनाले, उनीहरूलाई अमर पारेर मृत्युलोकमा दृश्य-अदृश्य आकार रूपमा घुमाइरहन्छन्" (कोइराला, २०४६, पृ. २३) । यसबाट नारीका अभाव र इच्छा बुझ्न सकिन्छ ।

*बाबु, आमा र छोरा* उपन्यासमा मुख्य पात्रहरूमा अभाव र इच्छा रहेको पाइन्छ । दोस्री पत्नी उमाको शुष्क व्यवहारले कुण्ठित हुनपुगेको पात्र बाबुले पहिली पत्नीको स्मरण गर्दै भन्दछ– "यौवन र यौनको रसायनले हामी माना}ँ मिस्सिएको एउटा व्यक्ति भएर गयौँ । घरका मानिसहरूले उपहास पनि गरे– कस्तो पिरती बसेको ! कतिले हाँसेर भने पनि– कस्ता नकच्चरा ! कोठाभित्र थुनिएर नै बसिरहन्छन्" (कोइराला, २०५६, पृ. २) । त्यस्ती पत्नीको मृत्यु भएपछि उसले उमालाई बिहे गर्दछ । उमेरको ठूलो भिन्नता र अर्कै पुरुषसँग गान्धर्व विवाह भएकाले उसले उमाबाट प्रेम पाउन सक्तैन । आफू बूढो भएकाले उमाले नरुचाएकी भन्ने लागेर उसले उमालाई "कान्छी म बूढोले तिमीलाई बिहा गरेर तिम्राप्रति अन्याय गरें क्यार" (पृ. १) भन्दछ । उमाले आफ्नो इच्छाविपरीत बिहे भएकाले आफ्नो दुलहालाई सहज रूपमा स्वीकार गर्न सक्तिन र उसले "मेरो मधुयामिनी नसिद्धिने एउटा कालरात्रि थियो" (पृ. ४८) भन्दछे । उसले विवाहपूर्व शीलभङ्ग भएकोमा होइन, विवाहपश्चात् लोग्नेसँगको समागममा आफू अपवित्र भएको अनुभव गर्छे । अनि उसमा परपीडनको प्रवृत्ति प्रबल हुन्छ र उसले आफ्नो पतिलाई कदर नगर्ने, उसको सारा चेष्टालाई विरोध गर्ने, उसलाई हरप्रयासले चोट पुऱ्याउने कार्य गर्न थाल्छे । त्यसबाट उसको पतिमा अभाव र इच्छाको सिर्जना हुन्छ ।

## निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अचेतनको संरचनामा केन्द्रित प्रस्तुत अध्ययनमा अन्यसँग सम्बन्ध, माग र अन्यको इच्छा तथा अभाव र इच्छालाई अचेतनको संरचनाका मुख्य आधारका

रूपमा लिइएको छ । यी आधार ज्याक लकाँको मनोविश्लेषणात्मक सिद्धान्तबाट लिइएको हो । व्यक्तिले आवश्यकतापूर्तिका लागि अर्कासमक्ष माग गर्दछ र त्यसका लागि भाषाको प्रयोग गर्दछ । अर्कासम्म माग पुऱ्याउने भाषाले यथावत् सम्प्रेषण गर्न सक्दैन । भाषाका माध्यमद्वारा सङ्केतित व्यक्तिका कुरा अर्काले आफ्नो ढङ्गमा बुझ्दछ र सम्प्रेषणहीनताका कारण उसले व्यक्तिका माग पूरा गर्न सक्तैन वा उसले बुझेर पनि माग पूरा गर्न चाहँदैन । अनि अभावको सिर्जना हुन्छ र त्यही अभाव नै इच्छाका रूपमा रहन्छ । त्यही अभाव र इच्छाबाट नै अचेतनको संरचना हुन्छ भन्ने लकाँको मान्यता रहेको छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पात्रको अन्य व्यक्तिसँग सम्बन्ध, पात्रका माग र अन्य पात्रको इच्छा अनि पात्रका अचेतनमा निहित अभाव र इच्छाको अवस्था देखापर्दछन् । उनका उपन्यासका पात्र एकथरी आफ्ना इच्छा अरूमाथि लागू गर्ने नियामकका रूपमा देखापर्दछन् भने अर्काथरी नियामकद्वारा शासित देखिन्छन् । त्यही नियामक नै बृहत् अन्य हो । कोइरालाका उपन्यासमा पात्रले आफ्नो दैहिक इच्छाको पूर्तिका लागि अर्को व्यक्तिसँग माग गरे पनि उसको माग अर्को व्यक्तिले नबुझेर वा पूरा गरिदिने इच्छा नभएर माग पूरा हुन नसकी त्यो माग अभाव र इच्छामा परिणत हुन पुगेका छन् । त्यसबाट अचेतनको संरचना भएको छ । त्यस आधारमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास सफल रहेका छन् ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, कुमारप्रसाद (२०६८). *आख्यान विमर्श.* ओरिएन्टल पब्लिकेसन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०४६). *मोदिआइन* (दोस्रो संस्क.). क्षितिज प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०४९). *नरेन्द्रदाइ* तेस्रो संस्क.). साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५०). *हिटलर र यहूदी* (तेस्रो संस्क.). साझा प्रकाशन

कोइराला, विश्वेश्वरप्रसाद (२०५१). *तीन घुम्ती* (पाँचौं संस्क.). साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५४). *सुम्निमा* (पाँचौं संस्क.). साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५७). *बाबु, आमा र छोरा* -चौंथो संस्क.). साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान.* साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४३). *नेपाली उपन्यास र उपन्यासकार* (दोस्रो संस्क.). साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* भूमिका प्रकाशन ।

Freud, S. (1910). The origin and development of psychoanalysis. *The American Journal of Psychology, 21*(2), 181–218. Retrieved from http://www.jstor.com/stable/1413001

Freud, S. (1955). *The interpretation of dreams* (J. Strachey, Trans.). Basic Books.

Freud, S. (1957). *The standard edition of the complete psychological works of Sigmund Freud (Vol. XIV), On the history of the psychoanalytic movement* (J. Strachey, Ed. & Trans.). Hogarth Press Limited.

Freud, S. (1989). *The Freud reader*. Peter Gay (Ed.). W. W. Norton & Company.

Jung, C. G. (1969). *Archetypes and the collective unconscious* (2nd ed.). R. F. C. Hull (trans.). Princeton University Press.

Lacan, J. (1978). *The seminar of Jacques Lacan. Book XI. The four fundamental concepts of psychoanalysis.* Jacques-Alain Miller (Ed.). Alan Sheridan (Trans.). W. W. Norton & Company.

Lacan, J. (1989). *Erits, a selection*. Alan Sheridan (Trans.). Routledge.
Lacan, J. (1991). *The seminar of Jacques Lacan. Book II. The ego in Freud's theory and in the technique of psychoanalysis*. Jacques-Alain Miller (Ed.). Sylvana Tomaselli (Trans.). W. W. Norton & Company.
Lacan, J. (1993). *The seminar of Jacques Lacan. Book III. The psychoses*. Jacques-Alain Miller (Ed.). Russell Grigg (Trans.). Routledge.
Lacan, J. (2006). *Écrits*. Bruce Fink (Trans.). W. W. Norton & Company.

**लेखक**

**डा. दुर्गाबहादुर घर्ती,** नेपाली केन्द्रीय विभाव, त्रि.वि. मा सहप्राध्यापक हुनुहुन्छ । उहाँले मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि. बाट स्नातकोत्तर तथा विद्यावारिधि तह उत्तीर्ण गर्नुभएको छ । उहाँको अध्ययनको रुचि क्षेत्र साहित्यको समालोचना हो । उहाँका मनोविश्लेषणात्मक समालोचना तथा सांस्कृतिक अध्ययनका आधा दर्जन पुस्तक तथा विभिन्न लेखरचना प्रकाशित भएका छन् ।